# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

स्वास्थ्य मन्त्रालयका सचिव श्रीमती चन्द्रकला किरण घर बिदामा बस्नुभएकोले उहाँ फर्की नआएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री वासुदेव प्रधानलाई मिति २०४३।८।१५ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४३।७।२७ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरूवा गरेको छ ।

| क्र.सं. | नाम र थर | साबिक पद र कार्यालय | हाल सरूवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री तेजप्रसाद उपाध्याय | राजपत्राङ्कित प्रथम श्रेणी, पञ्चायत तथा स्थानीय विकास मन्त्रालय । | सह-सचिव, श्रम तथा सामाजिक कल्याण मन्त्रालय । |
| २. | श्री ईश्वरचन्द्र शर्मा | सह-सचिव, स्वास्थ्य मन्त्रालय । | सह-सचिव, लोक सेवा आयोग । |

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

४६८



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।